# सुशील कोईराला प्रखर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस आदेशको नाम "सुशील कोईराला प्रखर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा :

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "अस्पताल" भन्नाले खजुरा, बाँकेको सुशील कोईराला प्रखर क्यान्सर अस्पताल सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशबमोजिम बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य मन्त्रालय सम्झनुपर्छ।

(ङ) "सदस्य" भन्नाले समितिका सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य-सचिव समेतलाई सम्झनुपर्छ।

(च) "सदस्य सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको सुशील कोईराला प्रखर क्यान्सर अस्पताल, विकास समिति सम्झनुपर्छ।

३. <u>समितिको गठन:</u> (१) क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्ने तथा क्यान्सर रोगबाट ग्रस्त व्यक्तिको रोगको निदान र उपचारको लागि आवश्यक उच्चस्तरीय एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरूलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने उद्देश्य समेतका लागि सुशील कोईराला प्रखर क्यान्सर अस्पताल विकास समिति नामको एक समिति रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहायबमोजिम हुनेछ।

(क) कम्तीमा स्नातक उपाधि हासिल गरेका स्थानीय लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट मन्त्रालयबाट मनोनीत गरेको व्यक्ति - अध्यक्ष

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

(ख) क्यान्सर क्षेत्रमा कार्यरत चिकित्सकहरू मध्येबाट मन्त्रालयबाट मनोनित २ (दुई) जना व्यक्ति - सदस्य

(ग) स्वास्थ्य मन्त्रालय चिकित्सा महाशाखाको प्रतिनिधि (उपसचिवस्तर) -सदस्य

(घ) प्रखर परोपकार मिशनका प्रतिनिधि ३(तीन) जना -सदस्य

(ङ) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, प्रमुख -सदस्य

(घ) उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य

(ङ) अस्पताल रहेको क्षेत्रको सम्वन्धित स्थानीय निकायको प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

(च) स्थानीय समाजसेवीमध्ये स्नातक तह उत्तीर्ण गरेका कम्तिमा एकजना महिलाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेका तीन जना व्यक्ति - सदस्य

(छ) अस्पतालको प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो गठन आदेश जारी भए पश्चातको पहिलो कार्यकालको लागि प्रखर परोपकार मिशनका वर्तमान अध्यक्ष नै अध्यक्ष हुनेछन ।

(४) समितिले आवश्यक देखेमा स्थानीय स्तरमा रहेका नेपाल सरकारका कुनै विशेषज्ञ, लब्ध प्रतिष्ठित समाजसेवी वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(६) मन्त्रालयले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. <u>पदावधि समाप्त हुने</u>: देहाय अवस्थामा मनोनीत सदस्यको पदावधि समाप्त हुनेछ-

(क) निजको मृत्यु भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) निज बिना सूचना लगातार तीनपटक समितिको बैठकमा उपस्थित नभएमा ।

(घ) निजले अस्पतालको अहित हुने काम गरेको ठहर भएमा ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

५. समितिको काम, कर्तव्य र अधिकार : यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) अस्पतालको व्यवस्थापन एव सञ्चालनसम्बन्धी आवश्यक कार्य गर्ने,

(ख) अस्पतालको व्यवस्थापन र संचालनको लागि आवश्यक साधन, स्रोत जुटाउन पहल गर्ने,

(ग) अस्पतालमा भए गरेका कामहरूको समीक्षा गर्ने र आवश्यक निर्णय लिने,

(घ) अस्पतालको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ङ) दक्ष जनशक्तिको विकास र बृत्ति विकासका आवश्यक कार्य गर्ने,

(च) अस्पतालको विकासको लागि अल्पकालीन वा दीर्घकालीन योजना तर्जुमा गर्ने,

(छ) अस्पतालको लागि आवश्यक अन्य कार्यहरू मन्त्रालयबाट स्वीकृति लिई गर्ने,

(ज) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण गर्ने, गराउने तथा विकास निर्माणका कार्य गर्ने,

(झ) अस्पताल सञ्चालनका लागि स्रोत साधन जुटाउन पहल गर्ने,

(ञ) अस्पतालको बजेट स्वीकृत गर्ने,

(ट) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(ठ) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने वा गर्न लगाउने।

६. समितिको बैठक र निर्णय : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको एक तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ।

(४) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य सचिवले समितिको बैठक आवश्यकता अनुसार बोलाउन सक्नेछ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूहरू मध्येबाट छानेका व्यक्तिले समितिको बैठकको अध्यक्षता गर्नेछ।

नेपाल सरकार ... मन्त्रालय

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नु पर्नेछ ।

(१०) समितिको बैठकमा अपनाईने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सकिनेछ ।

७. समितिको कोष: (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् -

(क) स्थानीय प्रयासबाट प्राप्त रकम ।

(ख) स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त रकम ।

(ग) अन्य स्थानीय निकायबाट प्राप्त रकम ।

(घ) नेपाल सरकारबाट प्राप्त हुने अनुदान वा अन्य रकम ।

(ङ) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त रकम

(च) श्री प्रखर परोपकार मिशनको नाउँमा रहेको रकम

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(४) समितिको कोषमा रहेको रकम समितिले नेपालको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(५) समितिको कोषको सञ्चालन समितिले तोकेबमोजिम हुनेछ ।

८. अध्यक्षको काम, कर्तव्य र अधिकार: अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ-

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(ग) अस्पतालको विकास एवम् व्यवस्थित गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(घ) समितिको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौं

९ समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार: समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ -

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) समितिको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(घ) नेपाल सरकारबाट स्वीकृत कार्यविधि अनुसार कार्य गर्ने,

(ङ) प्रचलित आर्थिक ऐन नियम अनुसार आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(च) अध्यक्षसँगको परामर्शमा बैठकका एजेण्डाहरू तयार गर्ने र बैठक बोलाउने,

(छ) समितिले गरेका निर्णय अनुरुप कार्य गर्ने, गराउने,

(ज) दैनिक प्रशासकीय कार्य गर्ने, गराउने ।

१० समितिको सदस्यहरूको काम, कर्तव्य र अधिकार: समितिको सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) समितिको बैठकमा भाग लिने र आवश्यक निर्णय लिने,

(ख) समितिको निर्णय अनुरूप तोकेका कार्य गर्ने, गराउने ।

११ सम्बन्धित कार्यका लागि रकम खर्च गर्नु पर्ने: नेपाल सरकारबाट समितिलाई प्राप्त भएको रकम जुन कार्यक्रम वा कामको लागि प्राप्त भएको छ, सोही कार्यक्रम र काममा खर्च गर्नु पर्नेछ ।

१२ लेखा र लेखापरीक्षण: (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचाबमोजिम राखिनेछ ।

(२) समितिले तोकिएबमोजिम समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(३) समितिको आन्तरिक लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकहरूमध्येबाट समितिले तोकेको लेखापरीक्षकले गर्नेछ ।

(४) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

(५) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१३. बैठक भत्ता: सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत मन्त्रालयले तोकेबमोजिम बैठक भत्ता पाउने छन् ।

१४. वार्षिक प्रतिवेदन पेश गर्ने : समितिले वर्षभरीमा गरेको काम कारवाहीको प्रतिवेदन प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैंतालीस दिनभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

१५. कर्मचारी सम्बन्धी व्यवस्था: समितिमा आवश्यकता अनुसार कर्मचारी नियुक्त हुन सक्नेछन् र निजहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा समितिले निर्धारण गरिदिएबमोजिम हुनेछ ।

१६. अधिकार प्रत्यायोजन : समितिले यस आदेशबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव, अस्पताल प्रमुख, समितिले गठन गरेको उपसमिति वा कार्यदल वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. निर्देशन दिने : (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. नेपाल सरकारसँग सम्पर्क: समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा मन्त्रालयमार्फत रा[illegible] पर्नेछ ।

१९. समितिको कार्यालय: समितिको कार्यालय बाँके जिल्लाको खजुरामा रहनेछ ।

२०. नियम बनाउने अधिकार: (१) यस आदेशको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नि[illegible] बनाउन सक्नेछ ।

तर आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियम मन्त्रालयबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२१. खारेजी र बचाउ: (१) श्री प्रखर परोपकार मिशन नेपाल खजुरा, बाँकेको नामबाट सञ्चालित क्यान्सर अस्पतालको नाम परिवर्तन गरी "सुशील कोईराला प्रखर क्यान्सर अस्पताल" बाँके कायम गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको नेपाल क्यान्सर अस्पतालबाट भए गरेका काम व[illegible] [illegible]यसै आदेश बमोजिम भए गरेको मानिने छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

(३) उपदफा (१) बमोजिमको नेपाल क्यान्सर अस्पतालको नाममा रहेको चल अचल सम्पत्ति यसै विकास समितिको नाममा सर्नेछ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं